# स्थानीय राजपत्र

**बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ३ बुटवल, आश्विन २७ गते, २०७६ साल संख्या ८**

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

### बुटवल उप-महानगरपालिका
### कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६

**(१) पृष्ठभुमिः**

कृषि विकासका लागि कृषिजन्य बस्तुको उत्पादन उत्पादकत्व बृद्धि गर्नेगरी यस उप-महानगरपालिकाका सबै वडाहरुमा क्षेत्रअनुसार विभिन्न कृषि पकेट क्षेत्र निर्माण भै रहेको छ । बहुजाति , बहुभाषा, धर्म संस्कृतिको धनि हाम्रो विविध क्षेत्रमा सम्भावना वोकेको यस उप-महानगरपालिका कृषि व्यवसाय संचालनमा यूवा कृषक, कृषक समुह, कृषि सहकारी, विभिन्न कृषि फर्महरुलाई उचित कृषि विकास कार्यक्रम संचालनका लागि बुटवल उप-महानगरपालिका कृषि विकास नीति २०७६ अनुरुप कृषि विकास कार्यक्रम संचालन गरी दिगो कृषि विकास तथा मर्यादित कृषि व्यवसाय संचालन तथा परिचालनमा जोड दिदै कार्यक्रमहरु संचालन भै रहेको छ । बुटवल उप-महानगरपालिका कृषि विकासमा आत्मनिर्भर हुने रासायनिक विषादी रहित कृषि उत्पादन बजार प्रतिस्पर्धात्मक रुपमा अगाडि बढ्ने गरी कार्यक्रमहरु संचालन हुदै आईरहेको अवस्थामा हाल यस उप-महानगरपालिकाले सिंचाईका लागि मर्मत गर्नु पर्ने बोरहरु मर्मत, खाद्यान्न वाली, वीउ उत्पादन, तरकारी, मौरीपालन, च्याउ व्यवसाय, ग्रिनहाउस निर्माण गरी बेमौसमी तरकारी उत्पादन गर्दै आएको छ ।

यसै सन्दर्भमा बुटवल उप-महानगरपालिकामा कृषि विकास कार्यक्रमहरु संचालन गर्ने लक्ष्य राखि बुटवल उप-महानगरपालिकाको कृषि नीति २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी वुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट यो कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ स्वीकृत गरिएको छ ।

**(२) कार्यबिधिको औचित्यताः**

नेपाल एक कृषि प्रधान देश हो । कूल जनसंख्याको ६५.६ % कृषिमा आश्रित रहेको पाईन्छ । साथै जनसंख्याको ६६% रोजगारीको अवसर प्रदान र जि.डि.पी.को ३३% कृषिको योगदान रहेको भए तापनि विगत वर्षको भन्दा कृषिमा आश्रित जनसंख्या घटदै गएको छ । कृषि

व्यवसाय प्रतिको घटदो अवस्थालाई क्रमश बृद्धि गर्दै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी मर्यादित वनाउन र यस उप-महानगरपालिकाले लिएको नीति अनुरुप कृषि पेशालाई मर्यादित वनाई ताजा तथा स्वस्थ्य वाली उत्पादन गरी अन्य तह सम्म पनि यहाँको नमूना कार्यको अनुशरण गर्ने गरी यो कार्यविधि तयार गरिएको हो । यस नगरले विनियोजन गरेको वजेटको सहि सदुपयोगका लागि यस कार्यविधि अनुसार कार्यक्रम संचालन गर्ने वातावरण सृजना गरी सेवा प्रदायक र सेवाग्राहीका लागि विश्वस्थ पारी उपलब्ध श्रोतको सदुपयोग गर्नका लागि मार्ग निर्देशन गर्ने गरी कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ तयार गरिएको हो ।

(३) **प्रारम्भिक**

**नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम बुटवल उप-महानगरपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि,२०७६ रहेको छ ।

२. यो कार्यविधि बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) “नगरपालिका” भन्नाले बुटवल उप-महानगरपालिका सम्झनु पर्नेछ ।

(ख) “कार्यालय” भन्नाले बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) “शाखा” भन्नाले बुटवल उप-महानगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(घ) “वडा” भन्नाले बुटवल उप-महानगरपालिका अर्न्तगतका सबै वडाहरु सम्झनु पर्ने छ ।

(ङ) “प्राविधिक” भन्नाले कार्यालयमा कार्यरत वा कृषि विकास शाखावाट खटाईएको सम्बन्धित प्राविधिक सम्झनु पर्नेछ ।

(च) “सहकारी” भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रम समावेश भएको सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(छ) “कृषक” भन्नाले कृषि कार्यत्रक्रम संचालन गर्ने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ ।

(ज) “अनुदान” भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्नेछ

(झ) “प्रस्तावक” भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त कृषक/व्यवसायिक कृषि फर्म/कृषक समुह/कृषि सहकारी/निजि फर्म/उधमि सम्झनु पर्दछ ।

(ञ) “कार्यविधि” भन्नाले कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७६ सम्झनु पर्दछ ।

(ट) “समिति” भन्नाले बुटवल उप-महानगरपालिकाको कृषि व्यवसाय प्रर्वद्धन समिति सम्झनु पर्दछ ।

(ठ) "लगानी रकम"भन्नाले कार्यक्रम संझौतामा उल्लेख भए अनुसारको अनुदान र प्रस्तावकले व्यर्होने रकम समेत गरी कुल लगानी रकम सम्झनु पर्दछ ।

(ड) "श्रमदान"भन्नाले प्रस्तावक वा सेवा ग्राहिले कार्यक्रम संचालनमा गर्ने अभिलिखित श्रमलाई सम्झनु  पर्दछ ।

(ढ) "मागमा आधारीत अनुदान"कार्यक्रम भन्नाले प्रस्तावकको माग स्वीकृतिका आधारमा दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ।

**(४) उद्देश्य:**

**यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।**

१. व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणाली द्धारा उच्च एवं दिगो आर्थिक विकास हासिल गरी खाद्य सुरक्षा तथा गरिबि निवारणमा योगदान गर्ने ।

२. कृषिमा यान्त्रिकिकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने ।

३. व्यवसायिक कृषि प्रणालीबाट प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

४. प्राविधिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण सर्म्बद्धन एव सदुपयोग गर्ने।

५. प्रस्तावकहरुको प्रस्ताव बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

६. व्यवसायिक कृषि कार्यकम मार्फत "समृद्ध बुटवल,सुखी बुटवलबासी" को लक्ष्य प्राप्ति गर्ने ।

**(५) कार्यक्रम कार्यान्वयन प्रकिया:**

**(क) मौरी तथा पारिवारिक पोषण कार्यक्रम:**

यो कार्यक्रममा विशेष साना कृषकहरुका लागि पारिवारिक पोषण तर्फ मौरी विस्तारका लागि खालि घारमा अनुदान र व्यवसायिक मौरी पालनका लागि मौरी गोलामा अनुदान दिईने छ ।

१. नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहि तालिम,गोष्ठी,अवलोकन भ्रमण कार्यक्रम संचालन गर्न सकिनेछ ।

२. कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान गरी कृषकहरुलाई सूचना गरिनेछ ।

३. प्रस्ताव साथ व्यवसायिक योजना र लागत स्टिमेट पेश गर्नुपर्ने छ । श्रोतले भ्याएमा वढीमा ५०% सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

४. व्यवसायिक मौरी पालनका लागि न्युनतम १० मौरी गोला भएका कृषकले मात्र प्रस्तावन पेश गर्न पाउने छन ।

५. समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ ।

६. प्रस्ताव पेश गर्दा अनुसूची ५ बमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

**(ख) कृषि सहकारी संस्था संगको सहकार्यमा ५०% अनुदानमा खाद्यान्न वाली वीउ अनुदान कार्यक्रम:**

यो कार्यक्रम खाद्यान्न वाली धान, गहुँ तथा मकैको उन्नत र मूल वीउ उत्पादनका लागि संचालन गरी उत्पादन उत्पादकत्व बृद्धि गर्ने उद्धेश्यका लागि संचालन गरिनेछ।

१. कृषि सहकारी संस्थाको समन्वयमा कार्यक्रम संचालन गरिनेछ साथै नगर भित्र खाद्यान्न वाली वीउ उत्पादन गरी रहेका कृषि सहकारी संस्थाहरुको वीउ उत्पादन, भण्डारण तथा कारोवार विवरण पेश गर्नका लागि सूचना प्रकाशन गरीनेछ ।

२. वीउमा वढीमा ५०% अनुदान दिन सकिने छ बाँकी रकम सम्बन्धित संस्थाले नै लगानी गर्नु पर्नेछ ।

३. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
४. कार्यक्रम अर्न्तगत तालिम,गोष्ठी तथा कृषक अवलोकन भ्रमण समावेश गर्न सकिनेछ ।
५. समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ ।

**(ग) जग्गा भाडा लिई कृषि व्यवसाय गर्नेहरुलाई प्रोत्साहन अनुदानः**

जग्गा भाडामा लिई कृषि व्यवसाय गर्नेहरुका लागि कृषि वाली उत्पादन,प्रशोधन र वजारीकरणमा पहुँच पुऱ्याई कृषि व्यवसायमा प्रत्यक्ष राहत पुऱ्याउन यो कार्यक्रम संचालन गरिनेछ ।

१. कृषि वाली उत्पादन ,प्रशोधन र वजारीकरणका कार्यक्रमहरु मात्र समावेश गरिनेछ ।
२. विदेशवाट फर्कि कृषि व्यवसाय संचालन गरेका वा गर्न थालेका यूवाहरुलाई प्राथमिकता दिईनेछ ।
३. जग्गा भाडामा लिई कृषि पेशा गरी आएको हकमा भाडा अवधि कम्तीमा ३ वर्षको हुनु पर्नेछ । विगत देखि व्यवसाय संचालन गरी आएकाको हकमा कम्तीमा चालु आ.व. को अवधि बाँकी नै रहेको हुनु पर्नेछ ।
४. उप-महानगरपालिकामा व्यवसाय दर्ता तथा नवीकरण गरेको हुनु पर्ने छ वा दर्ता गरी निवेदन दिन सकिनेछ ।
५. निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालय र उप-महानगरपालिका कृषि विकास शाखाबाट प्राप्त गर्न सकिनेछ ।
६. कार्यक्रम संचालनका लागि प्रस्ताव अह्वान गरी कृषकहरुलाई सूचना गरिनेछ ।
७. समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
८. प्रस्ताव पेश गर्दा अनुसूची ५ बमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

**(घ) नगरभित्र रहेका कृषक समुह,कृषि सहकारी,व्यवसायिक कृषि फर्म तथा कृषि पेशा सँग सम्बन्धित**

**अन्य समितिहरुको तथ्याँङ्क संकलन एवं अभिलेखिकरण कार्यक्रमः**

कृषि विकास कार्यक्रम संचालन तथा विकासका लागि कृषक समुह,कृषि सहकारी,व्यवसायिक कृषि फर्म,सम्बन्धित विभिन्न समितिहरु,वडा संग समन्वय तथा सहकार्यमा कार्यक्रम संचालन गरिनेछ । सोही कार्य प्रभावकारी तथा यस नगरको तथ्याँङ्कमा समावेश गर्नका लागि सहयोग हुने गरी यो कार्यक्रम संचालन गरिनेछ ।

१. सम्वन्धित कृषि प्राविधिकहरु वाट फिल्ड अनुगमन गरी तथ्याँङ्क संकलन तथा अभिलेखिकरण गरिनेछ ।
२. यस कार्यक्रममा कृषि विकासमा हिजो र आज के फरक भयो त्यसको प्रभावकारिता अध्ययन गर्नका लागि कृषि विज्ञको सहयोग लिन सकिनेछ ।
३. संकलित तथ्याँङ्कहरुको आधारमा कृषि तथ्याँङ्क पुस्तिका तयार गरिनेछ ।

**(ङ) व्यवसायिक प्राङ्गारिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम हरित घर निर्माण):**

कार्यक्रम विशेषत प्राङ्गारिक तरकारी उत्पादनमा जोड दिदै गत आ.व.मा संचालित कार्यक्रमको निरन्तरता तथा स्वस्थ वाली उत्पादन गरी उपभोग र वजारीकरण गर्ने उद्धेश्यले यो कार्यक्रम संचालन गरिनेछ ।

१. कार्यक्रमको प्रस्ताव पेश गर्ने सूचना आह्वान गरी वडा कार्यालयहरु मार्फत प्रकाशित गरिनेछ ।
२. कार्यक्रममा उन्नत वीउ तथा हाईव्रिड विउ निःशुल्क प्रदान गर्न सकिनेछ ।
३. नविनतम प्रविधिको तालिम, कृषक अवलोकन भ्रमण, प्रर्दशनी,कृषि औजार उपकरणमा अनुदान दिन सकिनेछ ।
४. कार्यक्रम संचालनका लागि सेवाग्राहीवाट अवश्यकताका आधारमा प्रस्ताव पेश गर्नु पर्नेछ ।
५. कृषक,कृषक समुह,कृषि सहकारी मार्फत कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न सकिनेछ ।
६. कार्यक्रम संचालनमा प्राङ्गारिक मल तर्फ वढीमा ७५% सम्म अनुदान दिन सकिनेछ ।
७. कृषक समुह,कृषि सहकारी ,व्यक्तिले अमानतमा काम गर्न सक्ने छन ।
८. यो कार्यक्रममा स्थायी जाली घर,प्लाष्टिक तथा थोपा सिंचाई जडान कार्य गर्न सकिनेछ । कूल लागतको न्यूनतम २५%रकम प्रस्तावकले व्यर्होर्नु पर्नेछ ।
९. अनुदान रकम कृषक समुह,कृषि सहकारी तथा स्वयम कृषकको नाममा भुक्तानी दिईनेछ
१०.प्रस्ताव अनुसूची ३ बमोजिम पेश गर्नु पर्नेछ ।
११.समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ ।

(च) **खाद्य पोषण तथा कौशि खेती कार्यक्रमः**

यो कार्यक्रम विशेषत शहर वजार क्षेत्रका १ देखि ११ वडामा लक्षित रहने छ । १ जना व्यक्तिले दैनिक औसत ३०० ग्राम ताजा तरकारी उपभोग गर्ने वढदै गएको विलासि पना,घरको फोहर व्यवस्थापन गरी मोहरमा परिणात गर्न तथा कौशि खेतीमा रमाउने र नमूना कौशि खेतीको शहरको रुपमा चिनाउने उद्धेश्य राखि यो कार्यक्रम संचालन गरिनेछ ।

१. कार्यक्रम संचालनका लागि सम्बन्धित वडा कार्यालयहरु मार्फत सूचना प्रवाह गरिनेछ ।
२. कार्यक्रम संचालनका लागि वडा अर्न्तगत रहेका टोल विकास संस्था,समुह,कृषि विज्ञहरुले प्रस्ताव पेश गर्न सक्ने छन ।
३. कार्यक्रममा तालिम,गोष्ठी,कृषि समाग्रीहरुमा अनुदान रकम खर्च गर्ने सकिनेछ ।
४. कार्यक्रम संचालनमा प्रस्तावकले गर्न सक्ने लागत सहभागिता पेश गर्नु पर्नेछ ।
५. यो कार्यक्रमका लागि रासायनिक विषादीमा अनुदान दिईने छैन ।
६. समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
७. प्रस्ताव अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ ।

(छ) **धान/गँहु/मकै लगायत विभिन्न अन्न वाली धितो राखि सहुलियत कृषि ऋण कार्यक्रमः**

सम्बन्धित कार्यविधि बमोजिम गर्ने

(ज) **सिचाई वोरहरु मर्मत तथा स्यालो ट्युवेल जडानः**

कृषि विकास कार्यक्रम संचालन तथा दिगोपनाका लागि सिंचाई,यातायात तथा विधुतीकरण अति आवश्यक रहन्छ । विगत वर्षमा निर्माण भएर सिंचाई व्यवस्थापन गरी रहेका र विविध समस्या तथा चुनौतिले गर्दा संचालनमा आउन नसकेका

बोरहरुलाई पुन संचालनमा ल्याई कृषि विकास कार्यक्रममा प्रत्यक्ष टेवा पुऱ्याउने उद्धेश्यका साथ यो कार्यक्रम संचालन गरीने छ भने स्यालो ट्युवेल जडान कार्यक्रम थप नयाँ सिंचाई व्यवस्थापनका लागि संचालन गरी सिंचित जग्गा क्षेत्रफल वढाउने गरी कार्यक्रम संचालन गरिने छ ।

१. बोर स्थापना भएका वडाहरुमा संचालनमा रहेका वा मर्मत गर्नु पर्ने विवरण अध्यावधिक तथा ट्युवेल जडान का लागि प्रस्ताव पेश गर्नका लागि सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशित गरीने छ ।
२. प्राप्त प्रस्तावहरुको स्थलगत अनुगमन गरिने छ ।
३. गत आ.व.मा अनुदान लिएर संचालनमा आएका तर थप पाईप लाईन तथा अन्य च्यानलहरु विस्तार तथा मर्मत गर्न बाँकी रहेका बोरहरुका लागि पनि यो अनुदान कार्यक्रम संचालन गर्न सकिनेछ ।
४. कार्यक्रम संचालनका लागि जल उपभोक्ता समिति गठन तथा पुर्नगठन गरी सो समितिबाट प्रस्ताव पेश लिइनेछ ।
५. प्रस्ताव पेश गर्दा कार्यक्रम संचालनका लागि लाग्ने अनुमानित लागत पेश गर्नु पर्नेछ ।
६. अनुगमन रिर्पोट तयार तथा कम्पायल गरी सम्बन्धित समितिमा पेश गरिनेछ ।
७. समितिको निर्णयबाट अनुदान रकम तय गरी योजना छनौट गरी प्राविधिक लागत स्टिमेट बमोजिम संम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।
८. यो कार्यक्रममा संघीय सरकारको साना सिंचाई शर्सत कार्यक्रम ,प्रदेश सरकारको कार्यक्रम तथा विभिन्न संघ संस्थाले दिने अनुदान रकम समेत समावेश गर्न सकिनेछ ।
९. उप-महानगरपालिकावाट विनियोजित वजेट बाहेक उर्जा तर्फ व्यवस्थापन भएको शर्सत वजेटलाई समेत सोलार सिंचाई कार्यक्रममा समावेश गरी सिंचाई व्यवस्थापन संचालन गर्न सकिनेछ ।
१०.जल उपभोक्ता समिति,संस्था,सहकारीको प्रस्ताव अनुसार कूल लागतको न्यूनतम १५% रकम वा श्रमदान अनिवार्य रहने छ सोही रकमबाट प्राविधिक खर्च आवश्यक भए व्यवस्थापन गर्न सक्ने छन ।
११.कार्यक्रम संचालनका लागि अन्तरक्रिया, तथा आवश्यक तालिमको व्यवस्थापन गर्न सकिनेछ ।
१२.कार्यक्रम सम्पन्न गरी प्राविधिक मूल्याँकन,वडा कार्यालयको सिफारिस,स्थलगत फोटो विल भरपाई साथ भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।
१३.प्रस्तावना साथ अनुसूची २ पेश गर्नु पर्नेछ ।

**(झ) मागमा आधारित प्रस्तावित कार्यक्रमः**

यो कार्यक्रम बुटवल उप-महानगरपालिकाको कृषि नीति २०७६ अनुसार “के पाईन्छ होईन के चाहिन्छ” भन्ने नीतिमा आधारित रहि संचालन गरिनेछ ।व्यवसायिक कृषक,उधमि,फर्म, कृषक समुह,टोल विकास संस्था तथा कृषि सहकारी संस्थाहरुले आफ्नो लगानीमा संचालन गर्ने जुन सुकै कृषि व्यवसायका लागि अनुदान सहकार्य रहनेछ, आकस्मिक वालीसंरक्षण सेवामा समेत अनुदान दिन सकिने छ ।

१. नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहने छ ।

२. प्रस्ताव हेरी २०,०००।- देखि अधिकतम रु २०००००।- सम्म मात्र अनुदान दिन सकिनेछ ।
३. लागत स्टिमेट हुनु पर्नेछ । सो लागतमा ५०५ नबढने गरी अनुदान उपलब्ध हुनेछ ।
४. प्रस्ताव अनुसूची १ र ५बमोजिम पेश गर्नु पर्नेछ ।
५. समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
६. कार्यक्रम सम्पन्न गरी मूल्याँकन सहित सम्बन्धित वडा कार्यालयको सिफारिस साथ पेश गर्नु पर्नेछ ।

**(ञ) माटो परीक्षण गरी माटो सुधारका लागि समाग्री/प्रविधि वितरण /हस्तान्तरण कार्यक्रमः**

यो कार्यक्रम संचालन विशेषत कृषि व्यवसाय खेती प्रविधिमा अधिक रासायनिक मल विषादीको प्रयोग र त्यसको नकारात्मक प्रभावमा सुधार तथा माटो जाँच, माटो सुधार र प्रागांरिक उत्पादनमा सहयोग पुग्ने गरी यो कार्यक्रम संचालन गरीने छ ।

१. माटो परीक्षण मिनि ल्याब संचालन प्रविधियूक्त आवश्यक उपकरण खरिद गरी मिनी ल्याब संचालन गर्न सकिनेछ ।
२. माटो सुधारका लागि कृषि चुन/जिप्सममा अनुदान दिन सकिने ।
३. यस कार्यकमबाट नविनतम प्रविधियूक्त तालिम संचालन गर्न सकिनेछ ।
४. नियमित माटो जाँच तथा माटो जाँच शिविर संचालन गर्न सकिनेछ ।

**(ट) भकारो सुधार कार्यक्रमः**

कार्यक्रम विशेषत पशु स्वास्थ्य सुधार ,व्यवसायिक प्राङ्गारिक तरकारी उत्पादनमा टेवा पुग्ने गरी संचालन गरीनेछ ।

१. कार्यक्रम प्रस्ताव माग गरी सूचना प्रकाशित गरीने छ ।
२. कार्यक्रममा उन्नत वीउ तथा हाईव्रिड वीउ निःशुल्क प्रदान गर्न सकिनेछ ।
३. कार्यक्रममा उन्नत प्रविधिको तालिम,प्रर्दशनी,कृषि औजार उपकरणमा अनुदान दिन सकिनेछ ।
४. प्रस्तावका आधारमा कृषक,कृषक समुह,सहकारी सँग सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।
५. भकारो सुधारका लागि ५० प्रतिशत लागत सहभागितामा प्रति भकारो बढीमा रु १००००।-अनुदान दिन सकिनेछ ।
६. कार्यक्रममा सहभागी हुन ठूला पशु कम्तीमा ३ वटा पालेको र व्यवसायिक तरकारी उत्पादन गरेको हुनु पर्नेछ ।
७. प्रस्ताव अनुसूची ४ बमोजिम पेश गर्नु पर्नेछ ।
८. कृषक वा समूह,संस्थाले अमानत विधिमै कार्य गर्न सकिने छन् ।

**(ठ) तरकारी वाली उत्पादन बजार ढुवानी अनुदान कार्यक्रमः**

१. कार्यक्रम न्यूनतम ५००के.जि.कृषि जन्य उत्पादनको कारोवारमा मात्र लागु हुनेछ ।
२. सम्बन्धित वडाको कृषि प्राविधिकलाई वजार लग्नु भन्दा पूर्व जानकारी गराउनु पर्नेछ ।
३. स्थानीय बजारमा विक्री वितरण वा व्यापारीको हकमा यो अनुदान लागु हुने छैन ।
४. संकलन केन्द्र र सहकारीको हकमा विक्री पासवुक, बैङ्क खाता अनिवार्य हुनेछ ।
५. कृषि जन्य बस्तु विक्री वितरण गर्ने स्थान तोक्नु पर्नेछ ।

६. ढुवानी गर्ने साधनको विल वुक, सवारी चालक अनुमति पत्रको प्रतिलिपि आवश्यक पर्ने छ ।
७. वडा कार्यालयको सिफारिस साथ कार्यक्रम संचालनको फोटो अनिवार्य पेश गर्नु पर्नेछ ।

(ड) **यूवा लक्षित यूवा स्वरोजगार कार्यक्रमः( प्रस्तावनामा आधारित स्थायी तरकारी नर्सरी घर स्थापना)**

यो कार्यक्रम यूवा स्वरोजगार तथा आत्मनिर्भर हुने गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि नमूना नर्सरी स्थापना गर्ने गरी संचालन गरिनेछ ।

१. यो कार्यक्रम व्यवसायिक तरकारी वाली उत्पादनमा आधारित रहने छ ।
२. कृषक,कृषक समुह,सहकारी तथा व्यवसायिक कृषि फर्महरुले यो अनुदान लिन सक्ने छन ।
३. कार्यक्रम संचालनका लागि कार्यालयवाट सूचना गरी जानकारी गराइनेछ ।
४. बैदेशिक रोजगारवाट फर्किएको बेरोजगार युवाहरुलाई प्राथमिकता दिईनेछ ।
५. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
६. कार्यक्रमको व्यवसायिक योजना सूचना बमोजिम अनुसूची १ पेश गर्नु पर्नेछ ।
७. दर्ता भएका प्रस्तावहरुको प्राविधिक तथा आर्थिक पक्ष अनुसार प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
८. अनुदान रकम कार्यालयको निर्णय बमोजिम हुनेछ । कार्यक्रममा कम्तीमा २५प्रतिशत लागत सहभागिता हुनु पर्नेछ ।

(ढ) **मागमा आधारित कृषि यान्त्रिकरण कार्यक्रम**

१. नविनतम प्रविधि तथा दिगो कृषि विकासमा टेवा पुग्ने गरी कार्यक्रम संचालन गरिने छ ।
२. सुचना बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ । कम्तीमा २५ प्रतिशत लागत सहभागिता हुनु पर्नेछ ।
३. प्रस्ताव अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ ।
४. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
५. समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरीनेछ ।

(ण) **बेमौसमी तरकारी उत्पादनका लागि (प्लाष्टिक सिट, ईन्सेक्ट नेट,थोपा सिचाई ईजि ड्रिप प्राङ्गारिक मल)**

१. नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहनेछ ।
२. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।
३. कार्यालयको निर्णय बमोजिम अनुदान दिइने छ । थप रकम सम्बन्धित पक्षले नै ब्यहोर्नु पर्ने छ ।
४. उल्लेखित कार्यक्रम आवश्यक हुनेहरुले माग निवेदन पेश गर्नु पर्नेछ ।
५. समय भित्र पर्न आएका प्रस्तावहरुको छनौट र सिफारिस समितिवाट गरीनेछ ।

(त) **वर्षे फलफूल विरुवा अनुदान कार्यक्रमः**

१ दिगो कृषि विकासमा आधारित रहि यो कार्यक्रम संचालन गरिने छ ।
२. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।

३. व्यवसायिक बगैंचा स्थापनाका लागि फलफूल विरुवामा वढीमा ७५ प्रतिशत सम्म र अन्यको हकमा निःशूल्क रुपमा फलफूलका विरुवा वितरण गरिनेछ ।

४. निवेदन मागका लागि सूचना गरिनेछ प्रस्तावकले निबेदन पेश गर्नु पर्नेछ ।

५. दर्ता भएका निवेदनहरु प्राविधिक दृष्टिकोणले उचित नगर कार्यापालिकाको कार्यालयबाट निर्णय गरी कार्यक्रम संचालन गरिनेछ ।

**(थ) १०० % अनुदानमा संचालन हुने कार्यक्रमः( तरकारी प्रर्दशनी, उन्नत तथा हाईव्रिड वीउ)**

- **तरकारी प्रर्दशनीः**

१. व्यवसायिक कृषि फर्म, कृषि समुह, सहकारीको हकमा समूहको निर्णय दर्ता प्रमाण पत्र प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण प्रतिलिपि, लालपुर्जा वा करार सम्झौता प्रतिलिपि निवेदनका साथ कार्यक्रमको माग खुलाई पेश गर्नु पर्नेछ ।

३. दर्ता भएका निवेदनहरु प्राविधिक दृष्टिकोणले उचित कार्यालयबाट निर्णय गरी कार्यक्रम संचालन गरिनेछ ।

- **मिनीकिटः -(उन्नत तथा हाइब्रिड वीउ)**

१. खाद्य पोषण कार्यक्रम भएको हुदाँ तरकारी लगाउने जग्गा भएका सेवाग्राहीहरुलाई यस कार्यक्रममा समावेश गरिनेछ ।

२. कम्तीमा पनि २ वाली जात १ सेटमा हुनेछ र उक्त १ सेटको रकम रु बढीमा १०० सम्म हुन सक्नेछ ।

**(द) कृषक क्षमता अभिबृद्धि तालिम**

१. कार्यक्रम मागमा आधारित रही स्थलगत घुम्तीस्तरमा संचालन हुनेछ ।

२. कृषक संख्या प्रति समूह वढीमा ३० जना रहने छन । साथै तालिम अवधि आवश्यकता अनुसार हुनेछ ।

३. तालिम खर्च कार्यक्रम संचालन तालिमको लागत स्टिमेट तयार गरी पूर्व स्वीकृत गरी मात्र संचालन गरिनेछ ।

**(ध) नगरपालिका स्तरीय कृषि सरोकारवाला अन्तरक्रिया ,गोष्ठीः**

१. नयाँ प्रविधि,समस्या समाधान तथा उचित पृष्ठपोषणमा आधारित रहनेछ ।

२. यो कार्यक्रम उप-महानगरपालिका स्तरीय हुनेछ ।

३. कार्यक्रममा जनप्रतिनिधि,कृषि प्राविधिक,एग्रोभेट,गैरसरकारी संस्था,व्यवसायिक कृषक तथा तरकारी संकलन केन्द्रका प्रतिनिधिहरु रहने छन ।

४. कार्यकम अवधि आवश्यकता अनुसार हुनेछ ।

५. कार्यक्रमको लागत स्टिमेट बनाई स्वीकृत गरी कार्यक्रम संचालन गर्नु पर्ने ।

**(६). भुक्तानी प्रकियाः**

अनुदान प्रक्रियामा सहभागी हुने सेवाग्राहीहरुले कार्यक्रम संचालन प्रक्रिया अनुसार संचालन गरी आर्थिक ऐन, नियमावली अनुसार कार्यालयवाट अनुदान रकम भुक्तानी गरिनेछ । सो रकम भुक्तानीका लागि कार्यक्रम संचालन सम्पन्न गरी प्राविधिकको मूल्याँकन,वडा कार्यालयको सिफारिस तथा स्थलगत फोटो पेश गर्नु पर्ने छ ।

**(७) अनुगमनः**

१. संचालन गरिएका कार्यक्रम सम्बन्धित वडा कार्यालयको समन्वयमा अनुगमन हुनेछ ।
२. अनुगमनका सन्दर्भमा संचालित कार्यक्रमको बारेमा जानकारी गराउनु पर्नेछ । साथै सोधिएका विषयको स्पष्ट जवाफ र निर्देशनको पालना गर्नु पर्नेछ ।
३. कार्यालय वा शाखाबाट अनुगमन निरीक्षणमा खटाईएको कर्मचारीले अनुगमन भत्ता सुविधाका लागि प्रतिबेदन पेश गर्नु पर्नेछ ।

(८). **विविधः**

१. अनुदान सहयोगमा संचालित कार्यकमहरुको सफल कार्यान्वयन अनुदानग्राहीले विशेष ध्यान दिनु पर्नेछ ।
२. कार्यक्रम संचालन गर्दा कुनै दुविधा उत्पन्न भएमा आपसी सहमति समझदारीवाट निराकरण गरिने छ ।
३. कार्यकमहरु र कार्यविधिमा कुनै परिमार्जन गर्नु परेमा कार्यलयको निणर्यबाट गरिनेछ ।
४. कृषि विकास कार्यक्रम संग सम्बन्धित सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको कार्यक्रमहरुका लागि समन्वय सहकार्यमा कार्यक्रम संचालन तथा सिफारिसका लागि कार्यालयको निर्देशानुसार गर्न सकिने छ ।
५. तोकिएको समय भित्र कार्यक्रम संचालन गरी सम्पन्न गर्नु पर्नेछ ।
६. कार्यक्रम संचालनका लागि प्रस्ताव गरिने कार्यक्रमहरुको प्रस्ताव तथा निवेदनहरु प्रकाशित सूचना अनुसारको अनुसूची फारम पेश गर्नु पर्ने छ ।
७. प्रचलित नियमानुसार बाझिने कुराहरु स्वत:निष्कृय हुने छन ।

## अनुसूची:१
## व्यवसायिक योजना

**(क) परियोजनाको संक्षिप्त परिचय**

१. परियोजनाको नाम:
२. परियोजना संचालन हुने स्थान:
३. परियोजनाको किसिम:
४. परियोजनाको समयावधि: शुरु मिति देखि सम्म
५. आबेदक सस्था:
६. परियोजनाको कूल रकम:
७. सम्पर्क ब्यक्ति :

**(ख) परियोजनाको संक्षिप्त विवरण:**

१. भौगोलिक अवस्था/परियोजनाको परिचय:
२. परियोजनाको उद्देश्य:
३. लाभान्वित हुने घर धुरि संख्या: प्रत्यक्ष: अप्रत्यक्ष:
३.१ लाभान्वित हुने जनसंख्या: प्रत्यक्ष : अप्रत्यक्ष
४ जग्गा क्षेत्रफल:
५. परियोजना संचालन विधि:
६. परियोजनाको अनुमानित लागत:
७. परियोजनाको लागि आवश्यक पर्ने साधनहरु :
८. खर्च ब्यहोर्ने निकायहरु:

| क.स. | निकाय | रकम रु | प्रतिशत | रकम ,सामाग्री, श्रम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

९. अनुगमन तथा मूल्याँङ्कन:
१०. बाधा तथा जोखिमहरु:
११. प्रस्तावित परियोजनको दिगोपन:
१२. परियोजना संचालन गर्न लाग्ने जनशक्ति विवरण:
१३. परियोजना संचालन हुने स्थान स्थान : वु.उ.प.म.न.पा. कार्यालयको देखिको दुरी .............कि.मि
पुग्न लाग्ने समय: गाडी / साधन: पैदल:
१४ उपलब्धि:(स्मार्ट)
१५. लागत अनुमान:

| /क.स. | कार्यक्रम कृयाकलापहरु | ईकाई | परिमाण | मूल्य/दर | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

**संस्था भए**

संस्थाको नाम : ठेगाना :

संस्थाको छाप **निवेदक:** सिफारिस गर्नेको नाम :

नाम थर

पद : पद

दस्तखत :............. दस्तखत

सर्म्पक नं : ठेगाना

सर्म्पक न :

## अनुसूचीः २

**लगत अधावधिकीकरणको लागि बुटवल उप-महानगरपालिका भित्र रहेका सिंचाई वोरहरुको विवरणः**

१. बोर रहेको वडा नं : टोल /स्थानः
२. बोर रहेको जग्गाको स्वामित्वः निजी/सार्बजनिक(टिक लगाउने)
३. बोर रहेको जग्गा निजी भएः जग्गाधनीको नामः उप-महानगरपालिका ( जग्गाधनी लालपुर्जा अनुसार उल्लेख गर्ने) वडा नं कित्ता नंः क्षेत्रफलः
४. बोरको स्वामित्व (निजी/सामुदायिक):
५. बोर जडान गरिदिने संस्थाको नाम (आफै जडान गरेको भए स्वयं लेख्ने):
६. बोर संचालन गर्ने जिम्मेवारी कस्को रहेको छ :
७. बोर स्थापना भएको मितिः
८. बोरवाट पानीको डिस्चार्ज लिटर प्रति सेकेण्डः
९. बोर वाट सिचाई भैरहेको हालको क्षेत्रफलः
१०. लाभान्वित परिवारसंख्याः
११. बोरको गहिराई(४० मिटर सम्मको स्यालो र ४० मिटर भन्दा गहिरो भए डिप वोर) :
१२. बोरको साईज(हाउजिङ्ग/आउटलेट/मुखको साईज......ईन्ची, जालीको साईज......ईन्ची):
१३. वाटर लेभल/पानीको सतह रहेको गहिराई फीटः
१४. बोरको हालको अवस्था (चालु/मर्मत गर्नु पर्ने/बन्द):
१५. यस बोरको सिंचाईवाट गत आ.व.मा वाली प्रणालीः वर्षेवाली...................हिउँदेवाली..........वसन्तेवाली...............
१६. समय समयमा बोर बिग्रदा कहाँवाट मर्मत सेवा प्राप्त हुन्छः
१७. डीप बोर भए ट्रान्सफर्मरको क्षमताः
१८. डिमान्ड चार्ज मासिक रुः
१९. गत आ.वको कूल जम्मा विधुत खर्च लागेको रकम रुः
२०. बोर संचालन खर्च कस्ले ब्यर्होने गरेको छ :
२१. बोरमा समरसिवल वा पम्पसेट के को प्रयोगवाट पानी तानिन्छ :
२२. बोरमा प्रयोग भएको पम्पको क्षमता कति छ । (हर्ष पावर):
२३. गत आ.व.मा कार्यक्रम संचालनका लागि अनुदान लिएको भए खुलाउनेः
२४. बोरको बारेमा थप जानकारी/सेवा शर्तहरु केही भए सो उल्लेख गर्नु हुन :

विवरण तयार गर्नेः                                   प्रमाणित गर्ने

कार्यालयको छाप                                        नाम :

पद : वडा अध्यक्ष

वडा न :

इति सम्बत......साल..........महिना.......गते .....रोज शुभम् ।

## अनुसूची:३

**(तरकारी खेतीका लागि नगरपालिकासंगको सहकार्यमा ग्रिन हाउस निर्माण गर्न दिईने निबेदन)**

विषय: उप-महानगरपालिकाको लागत साझेदारीमा तरकारी खेतीको लागि ग्रिन हाउस निर्माण गरी पाउँ ।

प्रस्तुत विषयमा बुटवल उप-महानगरपालिकाको मिति: को सूचना अनुसार लागत साझेदारीमा ग्रिन हाउस निर्माण गरी तरकारी उत्पादन गर्न मेरो ईच्छा भएकोले सूचना बमोजिमका सेवा शर्तहरु पालना गर्ने गरी ग्रिन हाउस निर्माण गर्नकालागि यो निवेदन पेश गरेको छु ।

निवेदकको विवरण:

१ नाम:
२. ठेगाना: बुटवल उप-महानगरपालिका वडा नं.........टोलको नाम:
३. ग्रिन हाउस निर्माण गरिने जग्गा करारमा लिएको भए जग्गा धनिको नाम:
४. जग्गा रहेको स्थान: नाप नक्सा ...........वडा नं......कित्ता नं...........क्षेत्रफल:.......
५. ग्रिन हाउस सिंचाईको श्रोत के छ /छैन.................................
६. विगतमा ग्रिन हाउस निर्माण भए ग्रिन हाउस संख्या साइज र क्षेत्रफल :
७. निर्माणको लगानी स्रोत आफनो रु :.......................वुटवल उप.महा.न.पा.को रु .............. अन्य रु........................... जम्मा रु....................
८. हाल बनाउन चाहेको विवरण

| क.स. | कार्यक्रम | माग संख्या | साईज | क्षेत्रफल वर्गमिटर |
|---|---|---|---|---|
| १. | ग्रिन हाउस | | | |
| | | | | |
| | | | | |
| | | | | |

निवेदकको नाम:
दस्तखत:
सम्पर्क नं

**सम्बन्धित वडा कार्यालयको सिफारिस:**

निवेदकले उल्लेख गरेका सवै व्यहोरा ठिक साँचो रहेकोले तरकारी खेतीकालागि ग्रिन हाउस निर्माण गर्ने कार्यका लागि सिफारिस गरिन्छ ।

अध्यक्षको नाम: दस्तखत: कार्यालयको छाप:
वडा नं:

**संलग्न कागजातहरु:**

१.भाडामा लिएको जग्गाको हकमा जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि र करारनामा :
२.उक्त जग्गाको चालुआ.व. को मालपोत तिरेको रसिदको प्रतिलिपि:
३.जग्गा धनिको नागरिकताको प्रतिलिपि :
४. निवेदकको नागरिकताको प्रतिलिपि ।
५.तालिम लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपि ।

## अनुसूची:४
## भकारो सुधारका लागि भर्नु पर्ने फारम

| क्र. स. | सदस्यको नाम | ठेगाना | ठूला पशु संख्या( ३ भन्दा माथि) | तरकारी खेती गरेको क्षेत्रफल रो. /कट्ठा | ग्रिन हाउसमा तरकारी खेती गरिएको भए | | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | क्षेत्रफल | |
| १ | | | | | | | |
| २ | | | | | | | |

**निवेदक** **संस्था भए**

नाम थर संस्थाको नाम :

दस्तखत ठेगाना :

मिति संस्थाको छाप : सिफारिस गर्नेको नाम

पद :

दस्तखत :..... सर्म्पक नं :

## अनुसूची:५
## प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु

**१.कृषक/ उधमी**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) कृषक /उधमी दर्ता प्रमाण पत्र प्रतिलिपि ।

(घ) वडा कार्यालयको सिफारिस पत्र ।

**२ कृषक समूह /कृषि फर्म**

(क) कृषक समूह वा फर्म दर्ता प्रमाण पत्र तथा निर्णय प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) वडा कार्यालयको सिफारिस पत्र ।

**३ कृषि सहकारी संस्था**

(क) सहकारी दर्ता प्रमाण पत्र तथा निणर्य प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(घ) लेखा परीक्षण प्रतिबेदन ।

(ङ) वडा कार्यालयको सिफारिस पत्र ।

**आज्ञाले**

प्रमाणीकरण मिति: २०७६/०६/२७ **चक्रपाणी शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**